" कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चारः समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गाल्जे,कालीकोट

कर्णाली प्रदेश,नेपाल

(Karnali Province, Nepal)

पत्र संख्या / (Ref No):-२०८२/०८३

चलानी न /(Dispatch No):-

सूचना नं. १४-२०८२/०८३

सूचना प्रकाशित मितिः२०८२।०९।१४

## विद्यालयमा हिउँदे विदा हुने सम्बन्धी सूचना ।

शिक्षा नियमावली ,२०५९ को नियम ८५ (३) मा भएको व्यवस्था बमोजिम एक शैक्षिक सत्रमा हिउँदे वा वर्षे बिदा वा दुवै गरी ४५ (पैंतालीस) दिन विद्यालय बन्द हुने कानूनी प्रावधान अनुसार यस नगरपालिका अन्तर्गत वडा नं. १,२,३,४,५,९,१० र ११ मा सञ्चालित हिउँदे विदा हुने भनी यस अधि सहमति भइ तोकिएका सबै विद्यालयहरुमा नगरपालिकाको शैक्षिक पात्रो-२०८२ अनुसार मिति २०८२।०९।१५ गते देखि मिति २०८२।१०।१४ गते सम्म हिउँदे विदा हुने भएकाले उल्लिखित वडामा सञ्चालित सम्पूर्ण विद्यालय तथा सरोकारवाला सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।सोही अनुसार गर्न गराउन निर्देशानूसार अनुरोध छ ।

पुनश्चः

१ उल्लिखित बिदामा बाँकी १५ दिन बिदालाई दशैं र तिहारको बीचमा बिदा समायोजन हुने गरी कायम गरिएको जानकारी गराइन्छ ।

२ मिति २०८२।१०।१५ गते देखि विद्यालय पूर्ववत रुपमा पुनः सञ्चालन हुने जानकारी समेत गराइन्छ ।

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखा,तिलागुफा नगरपालिका,कालिकोटः सूचना नगरपालिकाको वेवसाइटमा अपलोड गरी दिन हुन ।

२०८२/०९/१४

लिलाराज बम

(नि.प्र.प्रशासकीय अधिकृत)

नि.प्रमुख प्रशासकीय अधिकृत